## श्री मालपोत कार्यालय चितवन, भरतपुरबाट

## प्रकाशित भएको

## ३५ दिने सार्वजनिक सुचना

चितवन जिल्ला साविक दारचोक गा.वि.स.वडा नं.८ हालको इच्छाकामना गाउँपालिका वडा नं. ३ बस्ने पदम बहादुर गुरुङ्गका नाममा तपशिल बमोजिमको जग्गा दर्ता रहि निज आफ्नो कालगतिबाट मिति २०७५।०८।१९ मा मृत्यु भएकोमा निजको कान्छी श्रीमती कृष्ण माँया गुरुङ्ग र जेठी श्रीमती जगमाया गुरुङ्ग भएकोमा जेठी श्रीमती जगमाया गुरुङ्गको मिति २०३२।०६।१३ मा मृत्यु भएकाले निजको कोखबाट जन्म भएको छोरा मेघ बहादुर गुरुङ्ग समेतले निजहरुको संयुक्त नाममा नामसारी गरीपाउँ भनि चितवन जिल्ला इच्छाकामना गा.पा. वडा नं. ३ बस्ने कृष्ण माया गुरुङ्ग र मेघ बहादुर गुरङ्ग को यस कार्यालयमा निवेदन परेकोमा उक्त निवेदन उपर कारबाहीको लागि अगाडी बढाउदा यस कार्यालयको मोठ फाँटबाट मोठ रोक्का भिडाउनको कममा मृतक पदम बहादुर गुरुङ्गका नाममा तपशिलमा उल्लेखित जग्गाहरु कार्यालयको रोक्का अभिलेखमा पदम बहादुर गुरुङ्ग दारेचोक ४ पुरै रोक्का भनि लेखिएको कारण मोठ रोक्का भिड्न नसकेको हुदाँ उल्लेखित व्यक्तिका नाममा तपशिलमा उल्लेखित जग्गा कुनै बैक तथा बित्तिय संस्था, सरकारी निकाय, व्यक्ति बिशेष कोहि कसैको हक दाबि रहे भएमा माग दाबि बिरोध गर्न आउनु भनि यस कार्यालयको मिति २०७९।०४।११ को आदेशानुसार यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यसमा निवेदकको माग बमोजिम नामसारी गरी दिनु नपर्ने र रोक्का फुकुवा गरीदिनु नपर्ने कुनै कारण भए वा निजहरु भन्दा अन्य कोहि नजिकको हकवाला वा माथि उल्लेखित सरकारी संस्था, व्यक्ति वा बैक तथा वित्तीय संस्था भए सप्रमाण म्यादभित्र मालपोत कार्यालय भरतपुरको मुद्दा/प्रशासन शाखामा संघ, संस्था र सरकारी कार्यालयको हकमा पत्रचार गर्नहुन र व्यक्तिको हकमा स्वयम उपस्थित भई दाबि गर्न आउनुहोला अन्यथा निजहरुको माग बमोजिम रोक्का लेखिएको तपशिल अनुसारका जग्गाहरु फुकुवा गरी नामसारी भै जानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन् ।

**तपशिल**

| गा.वि.स. | सिट नं. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| दारेचोक | ४ख | ४ | ४ | ०-४ -१६ |
| दारेचोक | ४ङ | ४ | ६ | ० -३-६ |
| दारेचोक | ४ङ | ४ | १३ | ० -६-१ |
| दारेचोक | ४ङ | ४ | १६ | ० -८-१ |
| दारेचोक | ४ख | ४ | १६ | ० -१२-१२ |
| दारेचोक | ७ट | ४ | ११५ | ० -११-४ |
| दारेचोक | ४ङ | ४ | २१ | ० -२-० |
| दारेचोक | ७ट | ४ | ५९ | ० -०-५.७५ |